नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम सम्बन्धी सूचना

नेपाली राजदूतावासले कोरियामा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरुलाई सहज र सरल रुपमा सेवाप्रवाह गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न ठाउँहरुमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको व्यहोरा सबैमा अवगत नै छ। सोही कार्यक्रमलाई निरन्तरता दिने क्रममा यही २९ मार्च २०२६ (तदनुसार १५ चैत २०८२) मा नेपाली राजदूतावासको आयोजना तथा नोन्सान नेपाली समाजको सहकार्यमा नोन्सानमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम आयोजना गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त घुम्ती शिविरबाट राहदानी र कन्सुलर सेवा लिन प्रचलित कानुनले तोकेको शुल्क बाहेक अन्य कुनै पनि थप शुल्क नलाग्ने बेहोरा जानकारी गराइन्छ। साथै, कागजात विहिन रुपमा कोरियामा बस्दै आउनुभएका नेपाली नागरिकहरुको हकमा भने सो स्थानबाट राहदानी नवीकरण सेवा उपलब्ध गराइने छैन। कागजातविहिन नेपालीहरुको हकमा दूतावासबाट सहज र सरल रुपमा सेवा प्रदान भइरहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। नवजात शिशुहरुको हकमा पहिले जन्मदर्ता प्रमाणपत्र जारी गरी राहदानी बनाउनु पर्ने र जन्मदर्ता सो स्थानबाट जारी गर्न नसकिने हुँदा निजहरुको हकमा जन्मदर्ता र राहदानी आवेदनका लागि अनलाईन फारम भरी दूतावासमा आई सेवा लिनुपर्नेछ।

- ➢ **राहदानीको राजश्व रकम Online माध्यमबाट बुझाउनु पर्ने छ। Cash लिईने छैन।**
- ➢ **अनलाईन फारम भरेपछि प्राप्त QR Code अनिवार्य रुपमा सम्पर्क व्यक्तिलाई पठाउनुपर्नेछ।**

❖ **सेवा प्राप्त गर्नका लागि आवश्यक कागजातहरु:**

- ✓पूरानो राहदानी तथा सोको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
- ✓नागरिकताको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
- ✓सक्कल Residence Card
- ✓Postal Charge का लागि ३०४० वन Cash दिनुपर्नेछ।

**विस्तृत जानकारीका लागि सम्पर्क:**

सोनाम शेर्पा- ०१०७२६६४७२१, संस्थापक अध्यक्ष।
ईश्वर देवकोटा-०१०२९६६२२१९
लाली जर्गा मगर-०१०९३०४३६१८

नेपाली राजदूतावास, सउल
१७ मार्च २०२६

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]